# सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कृयाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९

बीमकले ग्राहकको पहिचान गर्ने, जोखिम मूल्याङ्कन तथा व्यवस्थापन गर्ने, शङ्कास्पद गतिविधि सम्बन्धी प्रतिवेदन दिने लगायतका कार्य गरी सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कृयाकलापमा लगानी निवारण गर्ने सम्बन्धमा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को दफा ४४ख. को प्रयोजनका लागि बीमा ऐन २०४९ को दफा ८ को खण्ड (घ२) ले दिएको अधिकार प्रयोग गरी बीमा समितिले यो निर्देशिका जारी गरेको छ।

परिच्छेद -१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम "सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कृयाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९" रहेकोछ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,-

(क) "उच्चपदस्थ व्यक्ति" भन्नाले स्वदेश वा कुनै विदेशी मुलुकमा राजनैतिक, व्यवसायिक, सामाजिक, वित्तीय, प्रशासनिक, व्यापारिक, औद्योगिक क्षेत्रमा उच्च तहमा कार्यरत वा कार्य गरिसकेका व्यक्ति, उच्च सार्वजनिक जिम्मेवारीमा रहेको वा रहिसकेको राष्ट्र प्रमुख, सरकार प्रमुख, मन्त्री, नेपाल सरकार वा नेपाल सरकारको पूर्ण स्वामित्वमा भएको संस्थाको प्रथम श्रेणी वा सो भन्दा माथिका पदाधिकारी, राजनीतिक दलका नेताहरु, निजी वा सामाजिक क्षेत्रका उच्चपदस्थ व्यक्ति सम्झनु पर्छ र सो शब्दले त्यस्ता व्यक्तिका परिवारका सदस्य तथा नजिकका सहयोगी समेतलाई जनाउँछ।

(ख) "ऐन" भन्नाले बीमा ऐन, २०४९ सम्झनु पर्छ ।

(ग) "ग्राहक" भन्नाले बीमकसँग व्यवसायिक सम्बन्ध स्थापना गर्ने वा कारोबार गर्ने व्यक्ति, कम्पनी, संस्था वा निकाय सम्झनु पर्छ।

(घ) "बीमक" भन्नाले ऐनको दफा १० बमोजिम बीमक दर्ता प्रमाणपत्र प्राप्त संगठित संस्था सम्झनु पर्छ।

(ङ) "वास्तविक स्वामी" भन्नाले ग्राहक, कारोबार, सम्पत्ति उपर प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्वामित्व हुने, नियन्त्रण राख्ने, निर्देशन दिने वा प्रभाव पार्न सक्ने अन्तिम धनीको रुपमा रहेको प्राकृतिक व्यक्ति सम्झनु पर्छ।

(च) "वित्तीय जानकारी इकाई" भन्नाले सम्पत्ति शुद्धीकरण निवारण ऐनको दफा ९ बमोजिम स्थापित वित्तीय जानकारी इकाई सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले ऐनको दफा ३ बमोजिम गठित बीमा समिति सम्झनु पर्छ।

(ज) "सम्पत्ति शुद्धीकरण निवारण ऐन" भन्नाले सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ्ग) निवारण ऐन, २०६४ सम्झनु पर्छ ।

## परिच्छेद - २

## सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको स्थापना

३. **सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको स्थापना गर्नु पर्ने** : (१) बीमकले बीमा व्यवसाय मार्फत हुन सक्ने सम्पत्ति शुद्धीकरण तथा आतङ्कारी कृयाकलापमा लगानी निवारण गर्न ग्राहकको सही पहिचान गर्ने, जोखिम मूल्याङ्कन तथा व्यवस्थापन गर्ने र शङ्कास्पद गतिविधि सम्बन्धी प्रतिवेदन दिने समेतको कार्य गर्न सम्पत्ति शुद्धीकरण तथा आतङ्कारी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी प्रणालीको स्थापना गर्नु पर्नेछ ।

(२) बीमा अभिकर्ता, सर्भेयर, दलाल तथा अन्य मध्यस्थकर्तालाई बीमा व्यवसाय गर्दा उपदफा (१) बमोजिम स्थापना गरिएको सम्पत्ति शुद्धीकरण तथा आतङ्कारी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी प्रणालीको पलाना गर्ने गराउने दायित्व सम्बन्धित बीमकको हुनेछ ।

४. **सम्पत्ति शुद्धीकरण तथा आतङ्कारी कृयाकलापमा वित्तीय लगानी निवारण नीति, प्रकृया तथा कार्यक्रम लागू गर्ने** : (१) बीमकले बीमा व्यवसाय मार्फत हुन सक्ने सम्पत्ति शुद्धीकरण तथा आतङ्कारी कृयाकलापमा वित्तीय लगानी निवारण गर्न सम्पत्ति शुद्धीकरण ऐन, यो निर्देशिका तथा अन्य प्रचलित कानून कार्यान्वयन गर्न सम्पत्ति शुद्धीकरण तथा आतङ्कारी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी नीति, प्रकृया तथा कार्यक्रम बनाई लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको नीति, प्रकृया तथा कार्यक्रममा देहायका विषयहरु समावेश गर्नु पर्नेछ :-

(क) ग्राहक तथा कारोबारको जोखिमको मूल्याङ्कन तथा व्यवस्थापन गर्ने,

(ख) ग्राहक वा वास्तविक स्वामी उच्चपदस्थ व्यक्ति वा निजको परिवारको सदस्य वा सम्बद्ध व्यक्ति रहे वा नरहेको पत्ता लगाउने,

(ग) ग्राहक तथा कारोबारको वास्तविक स्वामीको पहिचान तथा जाँच गर्ने,

(घ) ग्राहकको सही रुपमा पहिचान तथा जाँच (verification) गर्ने,

(ङ) ग्राहकको अद्यावधिक अभिलेख राख्ने,

(च) उच्च जोखिमयुक्त ग्राहक, विद्यमान ग्राहक, सामान्य ग्राहक तथा त्यस्ता ग्राहकको कारोबारको पहिचान तथा जाँच (verification) गर्ने,

(छ) दफा १७ बमोजिमको सीमा कारोवार तथा दफा १९ बमोजिम शङ्कास्पद कारोवार संम्बन्धी विवरण वित्तीय जानकारी इकाईमा पठाउने,

(ज) सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा यो निर्देशिकाको कार्यान्वयनको लागि आवश्यक पर्ने आन्तरिक नीति, प्रक्रिया, प्रणाली र नियन्त्रणका उपायहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने,

(झ) सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा यो निर्देशिकाको पालना गर्न गराउन उच्च व्यवस्थापन स्तरको कार्यान्वयन अधिकृत सहितको पर्याप्त तथा प्रभावकारी संरचनागत व्यवस्था गर्ने,

(ञ) बिमकको कर्मचारी छनौट गर्दा उच्च मर्यादा कायम हुने पर्याप्त व्यवस्था गर्ने,

(ट) कर्मचारीलाई नियमित रुपमा तालीम तथा पुनर्ताजगी सम्बन्धी व्यवस्था गर्ने,

(ठ) समितिले तोकिदिएका अन्य व्यवस्था गर्ने ।

५. **जोखिमको मूल्याङ्कन तथा व्यवस्थापन गर्नु गर्ने** : (१) बीमकले आफ्नो कार्यक्षेत्र, व्यावसायको आकार, ग्राहक तथा कारोबार समेतका आधारमा बीमा व्यावसाय मार्फत हुन सक्ने सम्पत्ति शुद्धीकरण तथा आतङ्कारी कृयाकलापमा वित्तीय लगानीको जोखिम मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) बीमकले उपदफा (१) बमोजिम गरिएको जोखिम मूल्याङ्कनका आधारमा जोखिम व्यवस्थापन गर्न देहायको उपायहरु अवलम्बन गर्नु पर्नेछ :-

(क) ग्राहक, वास्तविक स्वामी, हिताधिकारी तथा कारोबारको सही रुपमा पहिचान तथा जाँच (verification) गर्ने,

(ख) आवश्यक देखिएमा ग्राहक, वास्तविक स्वामी, हिताधिकारी तथा कारोबार सम्बन्धी थप सूचना सङ्कलन गर्ने,

(ग) ग्राहक तथा कारोबारको सम्बन्धमा जोखिमका आधारमा विवरण तयार गर्ने,

(घ) उच्च जोखिमयुक्त ग्राहकको वृहत ग्राहक पहिचान तथा जाँच (Enhanced customer due diligence) गर्ने,

(ङ) विद्यमान ग्राहक (Existing customer) सम्बन्धी अभिलेख, सूचना तथा विवरण अद्यावधिक गर्ने,

(च) वित्तीय जानकारी इकाई तथा समितिले तोकिदिएको अन्य उपायहरु अवलम्बन गर्ने ।

(३) बीमकले उपदफा (१) बमोजिम जोखिम मूल्याङ्कनका आधारमा उच्च जोखिमयुक्त ग्राहक तथा कारोबारका सम्बन्धमा वृहत ग्राहक पहिचान तथा जाँच (Enhanced customer due diligence) र न्यून जोखिममा रहेका ग्राहकको लागि सामान्य ग्राहक तथा कारोबारका सम्बन्धमा सरलीकृत ग्राहक पहिचान तथा जाँच (Simplified customer due diligence) सम्बन्धी प्रकृया अवलम्बन गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## ग्राहक तथा वास्तविक स्वामीको पहिचान तथा जाँच

६. **बेनामी वा काल्पनिक नाममा कारोबार गर्न नहुने :** बीमकले बेनामी तथा काल्पनिक नाममा बीमालेख जारी गर्न, गराउन वा बेनामी तथा काल्पनिक नाममा जारी भएको बीमालेख कायम राख्न हुँदैन ।

७. **ग्राहकको पहिचान गर्नु पर्ने :**(१) बीमकले ग्राहकको सही पहिचान गरिसकेपछि मात्र बीमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) बीमकले देहायको अवस्थामा ग्राहकको सही पहिचान गरी सोको उचित जाँच गर्नु पर्नेछ :-

(क) व्यवसायिक सम्बन्ध स्थापना गर्दा,

(ख) बीमा प्रस्ताव फाराम भर्दा,

(ग) विद्युतीय माध्यम वा विप्रेषण (Remittance) मार्फत उल्लेख्य वा अस्वभाविक बीमाशुल्क बुझाउँदा,

(घ) दफा १७ मा उल्लेख भए भन्दा बढीको रकम नगदमा बीमाशुल्क बुझाउँदा,

(ङ) बीमा दावी भुक्तानी गर्दा,

(च) बीमालेख बापतको रकम वा अन्य रकम नगदमा भुक्तानी दिंदा,

(छ) बीमालेख उपरको अधिकार हस्तान्तरण वा समर्पण गर्दा,

(ज) कुनै व्यक्ति शङ्कास्पद कारोबार वा कार्यमा संलग्न भएको शङ्का लाग्दा ,

(झ) कुनै व्यक्तिको सम्बन्धमा पहिले नै प्राप्त गरिसकेको पहिचान सम्बन्धी कागजातमा कुनै किसिमको शङ्का वा दुविधा हुँदा, वा

(ञ) समितिले तोकिदिएको अन्य अवस्थामा ।

(३) बीमकले उप-दफा (१) बमोजिम ग्राहकको सही पहिचान गर्न अनुसूची -१ बमोजिमका कागजात, विवरण तथा सूचना प्राप्त गरी सोलाई स्वतन्त्र र भरपर्दो स्रोतबाट पुष्टी गर्नु पर्नेछ ।

८. **वास्तविक स्वामीको पहिचान गर्नु पर्ने :** (१) बीमकले ग्राहक तथा कारोबारको वास्तविक स्वामीको पहिचानको लागि आवश्यक सूचना तथा तथ्यांक विभिन्न स्रोतबाट प्राप्त गरी सोको जाँच गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वास्तविक स्वामीको पहिचान तथा जाँच गर्दा बिमकले संगठित संस्थाको रुपमा रहेको ग्राहक तथा त्यस्तो ग्राहकसँग सम्बन्धित कारोबारका सम्बन्धमा देहाय बमोजिमको प्रत्येक प्राकृतिक व्यक्तिको विवरण प्राप्त गरी पहिचान तथा जाँच गर्नु पर्नेछ :-

(क) दश प्रतिशत वा सोभन्दा बढी शेयर खरिद गर्ने वा मतदानको अधिकार प्राप्त गर्ने व्यक्ति,

(ख) त्यस्तो संस्थाको सञ्चालक तथा उच्च व्यवस्थापनमा संलग्न व्यक्ति, वा

(ग) त्यस्तो संस्थाको नियन्त्रण गर्ने वा नियन्त्रणको अधिकार प्रयोग गर्ने व्यक्ति ।

(३) बीमकले ग्राहकको पहिचान तथा जाँच गर्न प्राप्त गरिएका कागजात, बिबरण तथा सूचना पर्याप्त भए वा नभएको सम्बन्धमा यकिन गरी आवश्यक भए थप कागजात तथा विवरण माग गर्नु पर्नेछ ।

(४) बीमकले यस दफा बमोजिम पहिचान तथा जाँच गर्न प्रयोग गरिएका कागजात, विवरण तथा सूचना सुरक्षित तथा व्यवस्थित रुपमा राख्नु पर्नेछ ।

९. **कारोबार सम्पन्न भएपछि पहिचान तथा जाँच गर्न सक्ने** : (१) दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले देहायको अवस्थामा ग्राहक तथा कारोबारको पहिचान तथा जाँच कारोबार सम्पन्न भए पछि गर्न सक्नेछ :-

(क) ग्राहक वा कारोबारको जाँच तत्काल गर्न व्यवहारिक रुपमा सम्भव नभएमा,

(ख) सामान्य रुपमा व्यवसायको सञ्चालनमा हस्तक्षेप गर्न आवश्यक नदेखिएमा, र

(ग) सम्पत्ति शुद्धीकरण तथा आतङ्कारी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी जोखिमलाई प्रभावकारी रुपमा व्यवस्थित गर्न सकिने देखिएमा ।

(२) उपदफा (१) बमोजिम ग्राहक तथा कारोबारको पहिचान तथा जाँच कारोबार सम्पन्न भए पछि गर्ने भएमा बीमकले त्यस्ता ग्राहकले गर्न सक्ने बीमा व्यवसायमा आवश्यक सीमा बन्देज लगाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम ग्राहक तथा कारोबारको पहिचान तथा जाँच कारोबार सम्पन्न भए पछि गर्ने भएमा बिमकले त्यस्तो कारोबार सम्पन्न भएको यथासम्भव चाँडो ग्राहक तथा कारोबारको पहिचान तथा जाँच गर्नु पर्नेछ ।

१०. **ग्राहकको जोखिम विवरण तयार गर्नु पर्ने** : (१) बीमकले ग्राहक तथा कारोबारको जोखिम मूल्याङ्कन गर्दा त्यस्तो ग्राहक वा कारोबारमा निहित जोखिमलाई देहाय बमोजिम वर्गीकरण गर्नु पर्नेछ :-

(क) उच्च जोखिम,

(ख) मध्यम जोखिम

(ग) न्यून जोखिम ।

(२) बीमकले ग्राहक तथा कारोबारको जोखिमको वर्गीकरण गरी उच्च जोखिमयुक्त ग्राहक तथा कारोबारको विवरण तयार गरी राख्नु पर्नेछ ।

११ **बृहत ग्राहक पहिचान तथा जाँच गर्नु पर्ने** : (१) दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले देहायका ग्राहक तथा त्यस्ता ग्राहकसँग सम्बन्धित कारोबारका सम्बन्धमा व्यावसायिक सम्बन्ध कायम वा कारोबार गर्नु अगावै बृहत ग्राहक पहिचान तथा जाँच (Enhanced customer due dillignce) गर्नु पर्नेछ :-

(क) उच्चपदस्थ व्यक्ति (Politically exposed person), निजको परिवारको सदस्य वा सम्बद्ध व्यक्ति,

(ख) दफा ५ बमोजिम गरिएको जोखिम मूल्याङ्कनबाट उच्च जोखिमयुक्त देखिएको ग्राहक,

(ग) सम्पत्ति शुद्धीकरण तथा आतङ्कारी कृयाकलाप वित्तीय लगानी सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पालना नगर्ने भनी पहिचान भएको देशको ग्राहक,

(घ) दफा १९ बमोजिम वित्तीय जानकारी इकाईलाई शङ्कास्पद गतिविधि सम्बन्धी जानकारी दिइएको ग्राहक,

(ङ) स्पष्ट आर्थिक वा कानूनी उद्देश्य नदेखिने जटिल, ठूला तथा अस्वभाविक प्रवृत्तिको कारोबार,

(च) भौतिक रुपमा उपस्थित नभई कारोबार गर्न चाहने ग्राहक,

(छ) प्रविधिको प्रयोग गरी कारोबार गर्न चाहने ग्राहक,

(ज) अत्यधिक भ्रष्टाचार रहेको भनि चिनिएको मुलुक वा अन्य आधारमा उच्च जोखिममा रहेको क्षेत्रका ग्राहक,

(झ) नगदको बढी प्रयोग हुने व्यवसायिक क्षेत्रको कारोबारमा संलग्न भएका ग्राहक,

(ञ) सञ्चार माध्यमबाट अपराधिक तथा आतङ्कारी कृयाकलापमा संलग्न भएको भन्ने जानकारीमा आएको ग्राहक,

(ट) समितिले तोकिदिएको अन्य प्रकृतिको ग्राहक ।

(२) बीमकले उपदफा (१) बमोजिमका ग्राहकसँग व्यावसायिक सम्बन्ध कायम वा कारोबार गर्दा थप कागजात, विवरण तथा जानकारी माग गर्न तथा सार्वजनिक रुपमा उपलब्ध विवरण तथा जानकारीलाई प्रयोग गर्न सक्नेछ ।

(३) बीमकले उपदफा (१) बमोजिमका ग्राहकसँग व्यावसायिक सम्बन्ध कायम वा कारोबार गर्दा बीमकको उच्च व्यवस्थापनको स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको ग्राहक तथा कारोबारका सम्बन्धमा बीमकले सम्बन्धित ग्राहकसँग गर्न खोजिएको कारोबार सम्बन्धी सम्पत्तिको स्रोत माग गर्न सक्नेछ ।

१२. <u>सरलीकृत ग्राहक पहिचान तथा जाँच गर्न सक्ने</u> : (१) दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका ग्राहकको हकमा बीमकले सरलीकृत ग्राहक पहिचन तथा जाँच (Simplified customer due diligence) गर्न सक्नेछ :-

(क) नेपाल सरकार, नेपाल सरकारको कुनै निकाय तथा नेपाल सरकराको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्था,

(ख) बीमक,

(ग) समितिबाट इजाजतपत्र प्राप्त दलाल, सर्भेयर तथा बीमा अभिकर्ता,

(घ) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था,

(ङ) नेपाल धितोपत्र बोर्डमा सूचीकृत संस्था,

(च) समितिले तोकिदिएको अन्य ग्राहक ।

(२) उपदफा (१) बमोजिम सरलीकृत ग्राहक पहिचान तथा जाँच (Simplified customer due diligence) गर्दा बीमकले समितिले तोकिदिए बमोजिम गर्नु पर्नेछ ।

१३. <u>निरन्तर रुपमा अनुगमन गर्नु पर्ने</u> : (१) बीमकले ग्राहक तथा कारोबारको नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा मूलतः उच्च जोखिमयुक्त ग्राहक तथा कारोबार र शङ्कास्पद गतिविधि देखिएका कारोबार तथा ग्राहकलाई विशेष ध्यान दिनु पर्नेछ ।

१४. <u>विशेष ध्यान दिनु पर्ने</u> : बीमकले देहायको ग्राहकसँग भएको कारोबारलाई विशेष ध्यान दिनु पर्नेछ :-

(क) उच्च जोखिमयुक्त ग्राहक,

(ख) उच्च जोखिमयुक्त कारोबारसँग सम्बन्धित ग्राहक,

(ग) दफा १७ मा उल्लेख भए भन्दा बढी रकम बीमाशुल्क बुझाउने ग्राहक,

(घ) स्पष्ट आर्थिक वा कानूनी उद्देश्य नदेखिने जटिल, ठूला तथा अस्वभाविक प्रवृत्तिको कारोबार,

(ङ) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलाप वित्तीय लगानी सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पालना नगर्ने भनी पहिचान भएको देशको ग्राहकसँगको कारोबार,

(च) समितिले तोकिदिएका अन्य ग्राहक वा कारोबार ।

१५. **व्यावसायिक सम्बन्ध कायम नगर्ने** : (१) बीमकले सम्पत्ति शुद्धीकरण सम्बन्धी ऐन तथा यो निर्देशिका पालना नगर्ने व्यक्तिसंग व्यावसायिक सम्बन्ध कायम गर्नु हुँदैन ।

(२) सम्पत्ति शुद्धीकरण सम्बन्धी ऐन तथा यो निर्देशिका पालना नगर्ने ग्राहकसंग बीमकले समितिको स्वीकृति लिई व्यावसायिक सम्बन्ध समाप्त गर्नु पर्नेछ ।

१६. **अभिलेख सुरक्षित राख्नु पर्ने** : (१) बीमकले बीमा व्यवसायसंग सम्बन्धित देहायका अभिलेख, कागजात तथा विवरण नियमित ग्राहकको हकमा व्यावसायिक सम्बन्ध समाप्त भएको तथा कारोबार मात्र भएकोमा सो भए गरेको मितिले कम्तीमा पाँच वर्षसम्म सुरक्षित तथा व्यवस्थित रुपले राख्नु पर्नेछ :-

(क) ग्राहक, वास्तविक स्वामी तथा हिताधिकारीको पहिचान तथा जाँचको लागि यस परिच्छेद बमोजिम माग गरिएका अभिलेख, कागजात तथा विवरण,

(ख) बीमकको लेखा तथा व्यावसायिक सम्बन्ध कायम गर्न गरिएका पत्राचार,

(ग) ग्राहक तथा कारोबारका सम्बन्धमा गरिएको विश्लेषण सम्बन्धी कागजात तथा अभिलेख,

(घ) समितिले तोकिदिएका अन्य अभिलेख, कागजात तथा विवरण ।

(२) बीमकले उपदफा (१) बमोजिम राख्नु पर्ने अभिलेख, कागजात तथा विवरण समिति, वित्तीय जानकारी इकाई वा कसूरको अनुसन्धान गर्ने निकायले माग गरेका बखत सहज रुपमा उपलब्ध हुने तथा आवश्यक भए प्रमाणको रुपमा समेत पेश गर्न सकिने गरी राख्नु पर्नेछ ।

परिच्छेद-४

## सीमा कारोबार तथा शङ्कास्पद कारोबारको जानकारी

१७. **सीमा कारोबार विवरण पठाउनु पर्ने :** (१) बीमकले कसैबाट देहायमा उल्लिखित कारोबार भएमा सो सम्बन्धी विवरण त्यस्तो कारोबार भएको मितिले पन्ध्र दिन भित्र अनुसूची-२ बमोजिमको ढाँचामा वित्तीय जानकारी इकाइमा पठाउनु पर्नेछ :-

(क) बर्षको तीन लाख रुपैयाँ वा सो भन्दा बढी रकम बीमाशुल्क तिर्नुपर्ने गरी निर्जिवन बीमालेख खरिद गरेमा, वा

(ख) बर्षको एक लाख वा सो भन्दा बढी रकम बीमाशुल्क तिर्नुपर्ने गरी जीवन बीमालेख खरिद गरेमा ।

(२) बीमकले उपदफा (१) बमोजिमको विवरणहरु वित्तीय जानकारी इकाईले तोकिदिए बमोजिम विद्युतीय वा अन्य माध्यमबाट पठाउन सक्नेछ ।

(३) बीमकले उपदफा (१) बमोजिमको कारोबार गर्ने व्यक्तिको सम्पत्तिको स्रोत समेत प्राप्त गरी ग्राहक मूल्याङ्कन विवरणमा अद्यावधिक गरी राख्नु पर्नेछ ।

(४) बीमकले उपदफा (१) तथा (२) बमोजिम वित्तीय जानकारी इकाइलाई उपलब्ध गराएको विवरण तथा उपदफा (२) बमोजिम अद्यावधिक गरेको स्रोत सम्बन्धी विवरण पाँच बर्षसम्म सुरक्षित राख्नु पर्नेछ ।

(५) बीमकले उपदफा (१) बमोजिम मिति वा रकमको हिसाब गर्दा रकम भुक्तानी गरेको मितिको आधारमा गर्नु पर्नेछ ।

१८. **सीमा कारोबार सम्बन्धी छूट :** दफा १७ मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले देहायका निकाय, संस्था वा व्यक्तिहरुले गरेको सीमा कारोबार सम्बन्धी विवरण वित्तीय जानकारी इकाईमा पठाउनु पर्ने छैन :-

(क) नेपाल सरकार वा नेपाल सरकारको कुनै निकायले गरेको कारोवार,

(ख) विशेष ऐन अन्तर्गत स्थापित संस्थाले गरेको कारोवार,

(ग) नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्वमा रहेको संस्थाले गरेको कारोबार,

(घ) संयुक्त राष्ट्र संघ, सो अन्तर्गतका कार्यालय तथा यसका बिशिष्टीकृत निकाय र अन्तरराष्ट्रिय संस्थाहरुले गरेको कारोवार,

(ङ) बिमकले अर्को पुनर्बीमा कम्पनीसँग गरेको कारोवार,

(च) बीमकले संस्थागत रुपमा आफै, अन्य बीमक वा सरकारी निकायसँग गरेको कारोवार,

(छ) कुनै बीमकले आफ्नो ग्राहकलाई प्रचलित कानून बमोजिम कर्जा सापटी वा सुबिधा प्रदान गरेको कारोवार, वा

(ज) कुनै बीमकले आफ्ना कर्मचारीलाई दिएको सेवा सुविधा वापतको कारोवार ।

१९. **शङ्कास्पद गतिविधिको विवरण पठाउने :** (१) बीमकले कुनै ग्राहक, कारोबार वा सम्पत्ति देहायको कुनै कसूर वा कार्यसँग सम्बन्धित भएको शङ्का लागेमा वा शङ्का गर्नु पर्ने मनासिब आधार भएमा तत्काल सोको जानकारी वित्तीय जानकारी इकाईमा दिनु पर्नेछ :-

(क) सम्पत्ति शुद्धीकरण सम्बन्धी प्रचलित कानून बमोजिमको कसूर,

(ख) आतङ्कारी क्र्याकलापमा वित्तीय लगानी सम्बन्धी प्रचलित कानून बमोजिमको कसूर,

(ग) बालबालिका, महिला वा अशक्त लगायत अन्य कुनै पनि ग्राहक उपर कुनै प्रकारको यौन शोषण वा दुर्व्यवहार सम्बन्धी प्रचलित कानून बमोजिमको कसूर,

(घ) जबरजस्ती तरिकाले रकम, चन्दा वा कुनै पनि प्रकारको सम्पत्ति वा अन्य वस्तु वा सहयोग लिने, दिने, दिन बाध्य गर्ने वा जबरजस्ती असुली सम्बन्धी प्रचलित कानून बमोजिमको कसूर,

(ङ) कुनै पनि वस्तुको तस्करी, अवैध पेशा, व्यापार, व्यवसाय, चोरी, डकैती, नक्कली वा अवैध उत्पादन, अपचलन वा अवैध ओसार पसार सम्बन्धी प्रचलित कानून बमोजिमको कसूर,

(च) हातहतियार खरखजाना सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(छ) विदेशी विनिमय नियमित गर्ने सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(ज) ज्यान, चोरी, ठगी, कीर्ते कागज, खोटा चलन, अपहरण वा शरीर बन्धक सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(झ) लागू औषध नियन्त्रण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(ञ) राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(ट) मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(ठ) सहकारी सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(ड) वन सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(ढ) भ्रष्टाचार निवारण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(ण) बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून अन्तर्गत कसूर,

(त) बैङ्किङ्ग कसूर तथा सजाय सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(थ) प्राचीन स्मारक संरक्षण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(द) उपभोक्ता संरक्षण, कालोबजार नियन्त्रण, प्रतिस्पर्धा सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(ध) कम्पनी, वाणिज्य, आपूर्ति, यातायात व्यवसाय सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(न) शिक्षा, स्वास्थ्य, औषधि, वातावरण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(प) वैदेशिक रोजगार सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(फ) चिट्ठा, जुवा, चन्दा सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(ब) मिर्ची कारोवार, झुट्टो कारोवार वा धितोपत्र, सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(भ) विनिमय अधिकारपत्र सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(म) निर्वाचन सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(य) बौद्धिक तथा औद्योगिक सम्पत्ति सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(र) सञ्चार, प्रशारण, विज्ञापन सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(ल) जग्गा घर, सम्पत्ति सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(व) भन्सार, राजस्व, कर सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(श) अध्यागमन, नागरिकता, राहदानी सम्वन्धी प्रचलित कानून अन्तर्गतको कसुर,

(ष) संघ/संस्था सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर,

(स) आप्रवासी बेचबिखन, अपहरण, बन्धक सम्वन्धी कसूर,

(ह) कर, भन्सार, मालपोत, विद्युत, पानी, टेलिफोन लगायत अन्य राजश्व वा सरकारी दस्तुर छली वा नतिरी सम्पत्ति (रकम समेत) आर्जन गरेको देखिएको सम्वन्धी कार्य,

(क्ष) माथि विभिन्न खण्डहरुमा उल्लिखित कसूर तथा कार्यको मतियार भई वा सहयोगीको रुपमा कार्य गरेको वा सोको उद्योग गरेको सम्बन्धी कसूर ।

(२) बीमकले उपदफा (१) बमोजिम शङ्कास्पद गतिविधिको जानकारी जतिसुकै रकमको कारोबार भएकोमा, जुनसुकै ग्राहकले गरेको कारोबार भएमा, कारोबार गर्न नखोजेको वा वास्तविक रुपमा कारोबार नै नभएको अवस्थामा समेत शङ्कास्पद गतिविधि देखिएमा दिनु पर्नेछ ।

(३) बीमकले यस दफा बमोजिम शङ्कास्पद गतिविधि सम्वन्धी जानकारी दिंदा अनुसूची–३ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

(४) बीमकले कुनै ग्राहक, कारोबार वा सम्पत्ति उपदफा (१) बमोजिमको कसूर वा कार्यसँग सम्बन्धित भए वा नभएको पहिचान गर्ने आधार र वित्तीय जानकारी इकाईलाई जानकारी पठाउने प्रकृया तथा अन्य व्यवस्था वित्तीय जानकारी इकाईले तोकिदिए बमोजिम हुनेछ ।

(५) यस दफा बमोजिम वित्तीय जानकारी इकाईमा पठाउनु पर्ने शङ्कास्पद गतिविधि सम्बन्धी जानकारीका सम्बन्धमा आवश्यक भएमा वित्तीय जानकारी इकाईको इमेल ठेगाना reportfiu@nrb.org.np वा फोन नं. ४४१९८०४,४४१९८०५,४४१९८०७ (Ext. ४१४,४१७,४१८) वा फ्याक्स नं. ४४४१०५१ मा सम्पर्क गर्न सकिनेछ ।

(६) बीमकले यस दफा बमोजिम वित्तीय जानकारी इकाईलाई पठाएको शङ्कास्पद गतिविधि सम्बन्धी जानकारी र सोसँग संलग्न कागजात अनुसूची–४ को ढाँचामा पाँच वर्षसम्म सुरक्षितसाथ राख्नु पर्नेछ ।

२०. **संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्को निर्णय नं.१२६७, १३७३ को कार्यान्वयन गर्ने सम्बन्धी विशेष व्यवस्था :** बीमकले संयुक्त राष्ट्र संघ, सुरक्षा परिषदको निर्णय नं १२६७, १३७३ र सोसँग सम्बन्धित निर्णयहरु कार्यान्वयन गर्न देहाय बमोजिमको कार्य गर्नुपर्नेछ :-

(क) निर्णय नं १२६७ अन्तर्गत आतंककारीका रुपमा सुचिकृत अल कायदा, तालिवान लगायत सोसँग प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सम्बद्ध कुनै पनि व्यक्ति, फर्म, कम्पनी, संघ, संस्था, समूह वा निकाय कोही कसैको कुनै पनि प्रकारको बीमा रकम तथा सम्पत्ति भएको थाहा पाउने वित्तिकै तत्काल रोक्का राख्ने । । निर्णय नं. १३७३ लगायत अन्य गैर कानुनी वा आपराधिक काम कारवाहीको सम्बन्धमा नेपाल वा बिदेशी मुलुकमा कुनै गैर कानुनी वा आपराधिक कार्य वा सोमा वित्तीय लगानी गर्ने कुनै पनि ब्यक्ति, फर्म, कम्पनी संघ, संस्था, समूह वा निकाय वा सोमा प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि तरिकाले संलग्न व्यक्ति, फर्म, कम्पनी, संघ, संस्था, समूहको निकायको बीमा तत्काल रोक्का राख्न नेपाल सरकार वा नेपालको आधिकारीक निकायले निर्देशन दिएमा तत्काल रोक्का राख्ने ।

(ख) खण्ड (क) बमोजिमका व्यक्ति, फर्म, कम्पनी, संघ, संस्था, समूह वा निकायलाई प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि तरिकाले सहयोग गर्ने वा त्यस्ता ब्यक्ति, फर्म, कम्पनी, संघ, संस्था, समूह वा निकायको तर्फबाट वा निजहरुका लागि काम कारवाही गर्ने गराउने जो कोहीको हकमा समेत निजहरुको बीमा रकम तथा सम्पत्ति रोक्का गर्ने ।

(ग) सम्बन्धित आधिकारिक निकायले अन्यथा आदेश दिएकोमा बाहेक यस दफा बमोजिम रोक्का रहेको कुनै पनि बीमा रकम तथा सम्पत्ति कोही कसैले कुनै पनि तरिकाले प्राप्त गर्न, सेवा सुविधा लाभ लिन वा हित कायम गर्न, बेचबिखन हस्तान्तरण गर्न वा कुनै पनि प्रकारको कारोबार गर्न नमिल्ने गरी रोक्का राख्ने ।

(घ) यस दफा बमोजिम बीमा रकम तथा सम्पत्ति रोक्का राख्दा कुनै पनि व्यक्ति, फर्म, कम्पनी, संघ, संस्था, समूह वा निकायलाई थाहा नदिई एक पक्षीय रुपमा रोक्का राख्ने ।

२१. **बीमकले यकिन गरी जानकारी दिनु पर्ने :** (१) बीमकले आफना ग्राहकको पहिचान , सम्बन्ध स्थापना र कुनै पनि काम कारोबार गर्दा संयुक्त राष्ट्र संघ, सुरक्षा परिषदको निर्णय नं १२६७ अन्तर्गतको सूचिमा रहेका व्यक्ति, फर्म, कम्पनी, संघ, संस्था, समूह वा निकाय तथा सोसँग सम्बद्ध अन्य व्यक्ति, संस्था वा निकायको विवरण संयुक्त राष्ट्र संघ वा अन्य निकायको सूचीमा परे नपरेको वा सोसँग कुनै पनि तरिकाले सम्बद्ध रहे नरहेको यकिन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्णय नं १२६७ अन्तर्गत सूचिकृत व्यक्ति, फर्म, कम्पनी, संघ, संस्था, समूह वा निकाय तथा सम्बद्धहरुको यकिन वा पहिचान गर्न संयुक्त राष्ट्र संघको वेभ साइट http://www.un.org/sc/committees/1267/aq_sanctions_list. तथा नेपाल राष्ट्र बैंकको वेभसाइट वा अन्य आधिकारीक माध्यमबाट प्राप्त गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) को प्रयोजनको लागि बीमकले आफ्नै लिंक स्थापना गर्न सक्नेछ ।

(४) संयुक्त राष्ट्र संघ, सुरक्षा परिषदको निर्णय नं.१३७३ का हकमा बीमकले सम्बन्धित निकायले निर्देशन गरे बमोजिमको सूची तयार गरी राख्नु पर्नेछ ।

(५) बीमकले यस दफा बमोजिम कुनै पनि सूचना प्राप्त गर्नासाथ आफ्नो कार्यक्षेत्र भित्र त्यस्तो बीमा रकम तथा सम्पत्ति रहे नरहेको यथासंभव छिटो यकिन गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम आफ्नो कार्यक्षेत्र भित्र कुनै बीमा रकम रहेको पाइएमा कारोबार हुन नसक्ने गरी रोक्का राखी सोको जानकारी वित्तीय जानकारी इकाइ वा सम्बन्धित निकायलाई दिनु पर्नेछ ।

(७) बीमकले यस दफा बमोजिमको व्यवस्था तत्काल कार्यान्वयन गर्न ग्राहकको प्रकृति, कार्यक्षेत्र तथा जोखिमको आधारमा आन्तरिक कार्यविधि बनाउनु पर्नेछ ।

(८) बीमकले यस दफा अन्तर्गत गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन तयार गरी वित्तीय जानकारी इकाई समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद - ५

### विविध

२२. **कार्यान्वय अधिकृतको व्यवस्था** : (१) सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा यो निर्देशिकाको कार्यान्वयन गर्ने दायित्व पूरा गर्ने सम्बन्धमा बीमकले उच्च व्यवस्थापन तहको अधिकृतलाई कार्यान्वयन अधिकृत तोक्नु पर्नेछ ।

(२) बीमकले उपदफा (१) बमोजिम तोकेको कार्यान्वयन अधिकारीलाई देहाय बमोजिमको काम, कर्तव्य, अधिकार तथा सोका लागि आवश्यक साधन स्रोत सुनिश्चत गर्नु पर्नेछ :-

(क) आफ्नोकार्य सम्पादनको सिलसिलामा आवश्यक कुनै पनि अभिलेख, हिसाब किताब र लेखा सम्बन्धी कागजातहरु उपर पहुँच प्राप्त गर्ने,

(ख) बीमकको सम्बन्धित कर्मचारीसँग कुनै सूचना, जानकारी, विवरण वा कागजात माग गर्ने र प्राप्त गर्ने,

(ग) समितिले तोकेको अन्य कार्य गर्ने,

(घ) सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा यो निर्देशिका कार्यान्वयन गर्न आवश्यक अन्य कार्य गर्ने ।

(३) उपदफा (१) बमोजिम कार्यान्वयन अधिकृत तोकिसके पछि बीमकले निजको नाम, ठेगाना, योग्यता, सम्पर्क नम्बर, इमेल लगायतका विवरण समिति र वित्तीय जानकारी इकाई समक्ष पठाउनु पर्नेछ र कार्यान्वयन अधिकृतको परिवर्तन वा अन्य विवरणमा परिवर्तन भएमा अविलम्ब सोको जानकारी पठाउनु पर्नेछ ।

२३. **बीमकको अन्य दायित्व** : (१) बीमकको सञ्चालक समितिले कम्तीमा त्रैमासिक रुपमा सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा यो निर्देशनका व्यवस्थाहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गर्नु पर्नेछ ।

(२) सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कृयाकलापमा वित्तीय लगानी गर्ने सम्बन्धी कसूरको नियन्त्रण गर्ने सम्बन्धमा बीमकहरुले एकआपसमा आवश्यक सूचना आदान प्रदान गर्न सक्नेछन् ।

(३) सम्पत्ति शुद्धीकरण, आतङ्ककारी कृयाकलापमा वित्तीय लगानी वा अन्य कसूरको अनुसन्धान तहकिकात गर्ने कुनै निकाय वा वित्तीय जानकारी इकाईले कुनै कागजात, अभिलेख वा जानकारी माग गरेमा बीमकले अविलम्ब उपलब्ध गराउनु पर्नेछ ।

(४) सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा यो निर्देशिकाको व्यवस्थाहरुको कार्यान्वयनको लागि बीमा अभिकर्ता, सर्भेयर, दलालतथा अन्य सम्बद्ध कर्मचारीहरुलाई बीमकले नियमित रुपमा समुचित तालीमको व्यवस्था गर्नु पर्नेछ ।

२४. **नयाँ प्रविधि सम्बन्धी नीति तथा प्रक्रिया लागू गर्ने** : (१) बीमकले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कृयाकलापमा लगानी निवारण सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन तथा प्रविधिको दुरुपयोग रोक्न आवश्यक नीति तथा प्रक्रिया तर्जुमा गरी लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तर्जुमा गरिएको नीति तथा प्रक्रियामा भौतिक रुपमा उपस्थित नहुने ग्राहक वा कारोबारसँग सम्बन्धित विशेष जोखिमलाई व्यवस्थापन गर्ने व्यवस्था समेत उल्लेख गर्नु पर्नेछ ।

२५. **कारवाही र सजाय** : (१) समितिले सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा यो निर्देशिकाको पालना नगर्ने बीमकलाई ऐनको दफा १२क., १३ तथा ३६ र सम्पत्ति शुद्धीकरण निवारण ऐनको दफा ४४ख बमोजिम सजाय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कारवाही गर्दा समितिले सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा यो निर्देशिकाको व्यवस्थाको पालना नगर्ने बीमकको पदाधिकारी तथा कर्मचारीलाई समेत आवश्यक कारवाही गर्नु पर्नेछ ।

२६. **गोपनीयता कायम गर्नु पर्ने** : (१) बीमक, सोको कुनै पदाधिकारी वा कर्मचारीले सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा यो निर्देशिका कार्यान्वयन गर्ने सम्बन्धमा वित्तीय जानकारी इकाई लगायतका कुनै निकायहरुलाई उपलब्ध गराइएको विवरण गोप्य राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गोप्य रहने विवरण सार्वजनिक गर्ने बीमकको पदाधिकारी वा कर्मचारीलाई बीमकले आवश्यक कारवाही गरी सोको जानकारी समितिलाई गराउनु पर्नेछ।

२७. **कारवाही नगरिने** : सम्पत्ति शुद्धीकरण निवारण ऐन तथा यो निर्देशिकाको पालना गर्ने सम्बन्धमा बीमकको कुनै पदाधिकारी, कार्यान्वयन अधिकृत वा अख्तियारप्राप्त कर्मचारीले असल नियतले गरेको काम कारवाहीका सम्बन्धमा निज विरुद्ध कुनै कारवाही गरिने छैन।

अनुसूची - १

दफा ७ को उपदफा (३) सँग सम्बन्धित

**ग्राहकको पहिचान तथा जाँच सँग सम्बन्धित कागजात, विवरण तथा सूचना**

**(क) व्यक्तिसँगको बीमा कारोवार भएमा**

(१) ग्राहक वा सम्भव भएसम्मका हिताधिकारीको स्पष्ट नाम, थर

(२) बाबु/आमाको नाम

(३) श्रीमान्/श्रीमतीको नाम

(४) स्थायी ठेगाना (ठेगाना प्रमाणित गर्ने आवश्यक कागजात हुनुपर्ने।

(जस्तै: नागरिकताको प्रमाणपत्र, राहदानी, पानी तथा बिजुलीको बिल, आवश्यक परेमा सम्वन्धित बैंक कर्मचारीले स्थलगत भ्रमण गरी तयार गरेको नक्सा, मतदाता परिचयपत्र,लालपुर्जा आदि।

(५) हाल बसोवास गरिरहेको पुरा ठेगाना

(६) जन्म मिति

(७) टेलिफोन नम्बर (भएमा उल्लेख गर्ने)

(८) नागरिकता/पासपोर्ट नम्बर लिएको मिति र कार्यालय

(९) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व भएको संस्था वा निजी क्षेत्रको संस्थामा काम गर्ने कर्मचारी भए परिचयपत्रको छाँयाप्रति

(१०) फोटो

(११) अन्य आवश्यक कागजातहरु (बीमक स्वयंले तोक्न सक्ने)

**(ख) साझेदारी वा व्यक्तिगत फर्मसँगको बीमा कारोवार भएमा**

(१) फर्मको नाम

(२) ठेगाना

(३) टेलिफोन/मोवाइल नम्बर (भएमा उल्लेख गर्ने)

(४) साझेदार वा संभव भए सम्मका हिताधिकारीको सबैको नाम र तिनको ठेगाना (फोन नं. सहित)

(५) साझेदारको फोटो

(६) फर्म रजिष्ट्रेशनको प्रमाणपत्र

(७) स्थानीय निकाय वा अन्य सरकारी निकायमा दर्ता भई स्थायी लेखा नम्बर प्राप्त गरेको प्रमाणपत्र

(८) फर्मका साझेदार बीच भएको कबुलियतनामा

(९) बीमा वा सोसँग सम्बन्धित अन्य कारोवार गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय र अख्तियारी

(१०) अन्य आवश्यक कागजातहरु (बीमक स्वयंले तोक्न सक्ने)

(ग) कम्पनीसँगको बीमा कारोबार भएमा

(१) कम्पनीको नाम

(२) रजिष्टर्ड कार्यालय रहेको स्थान

(३) पूरा ठेगाना (टेलिफोन, फ्याक्स समेत)

(४) संस्थापना र गठन सम्बन्धी प्रमाणपत्र तथा कम्पनीको प्रबन्धपत्र र नियमावली

(५) सञ्चालक समितिका सदस्यहरुको नाम र ठेगाना (भएमा फोन नम्बर समेत उल्लेख गर्ने)

(६) सञ्चालक समितिका सदस्यहरुको फोटो

(७) बीमा वा सोसँग सम्बन्धित अन्य कारोबार गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय र अख्तियारी

(८) सञ्चालक समितिले कार्यकारी प्रमुख र अन्य अधिकृत कर्मचारीलाई आर्थिक कारोबारको सम्बन्धमा प्रदान गरेको अख्तियारी

(९) सम्भव भए सम्मका हिताधिकारीको विवरण

(१०) अन्य आवश्यक कागजातहरु (बीमक स्वयंले तोक्न सक्ने)

(घ) क्लब/गैरसरकारी संघ/संस्था सँगको बीमा कारोबार भएमा

(१) क्लब तथा गैरसरकारी संघ/संस्थाको नाम

(२) ठेगाना

(३) क्लब/गैरसरकारी संघ/संस्थाको संस्था दर्ता प्रमाणपत्रको प्रमाणित छायाप्रति

(४) विधान

(५) कार्य समितिको नाम र ठेगाना (भएमा फोन नम्बर समेत उल्लेख गर्ने)

(६) कार्यालयको टेलिफोन नम्बर

(७) बीमा वा सोसँग सम्बन्धित अन्य कारोबार गर्ने सम्बन्धमा कार्य समितिले गरेको निर्णय रअख्तियारी

(८) क्लब वा गैरसरकारी संघ/संस्थाको संचालक/कार्यकारी समितिका पदाधिकारीहरुको फोटो

(९) अन्य आवश्यक कागजातहरु (बीमक स्वयंले तोक्न सक्ने)

(ङ) सहकारी संस्थासँगको बीमा कारोबार भएमा

(१) संस्थाको नाम

(२) ठेगाना

(३) फोन नं. (भएमा उल्लेख गर्ने)

(४) संस्थाको विनियम

(५) सञ्चालक समितिका सदस्यहरुको नाम र ठेगाना (भएमा फोन नम्बर समेत उल्लेख गर्ने)

(६) सञ्चालक समितिका सदस्यहरुको फोटो

(७) संस्था दर्ता सम्बन्धी प्रमाणपत्रको प्रमाणित छायाप्रति

(८) बीमा वा सोसँग सम्बन्धित अन्य कारोबार गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय र अख्तियारी

(९) संभव भए सम्मका हिताधिकारीको विवरण

(१०) अन्य आवश्यक कागजातहरु (बीमक स्वयंले तोक्न सक्ने)

(च) स्कूल वा क्याम्पस सँगको बीमा कारोवार भएमा

(१) स्कूल वा क्याम्पसको नाम

(२) ठेगाना

(३) प्रबन्धपत्र र नियमावली

(४) संस्था स्वीकृतिको प्रमाणपत्रको प्रमाणित छविचित्र

(५) स्कूल वा क्याम्पसको प्रमुख पदाधिकारीको नाम, थर, ठेगाना, फोन नं. र फोटो

(६) सञ्चालक/व्यवस्थापन समितिका सदस्यहरुको नाम र ठेगाना (भएमा फोन नम्बर समेत उल्लेख गर्ने)

(७) बीमा वा सोसँग सम्बन्धित अन्य कारोवार गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय र अख्तियारी

(८) सम्भव भए सम्मका हिताधिकारीको विवरण

(९) अन्य आवश्यक कागजातहरु (बीमक स्वयंले तोक्न सक्ने)

(छ) अर्न्तराष्ट्रिय गैरसरकारी संस्थासँगको बीमा कारोवार भएमा

(१) संस्थाको नाम

(२) ठेगाना

(३) समाज कल्याण परिषद् र संस्था बीच कुनै सम्झौता भएको भए सम्झौताको प्रतिलिपी

(४) नेपाल सरकारसँग कुनै सम्झौता भएको भए सो सम्झौता

(५) सम्बन्धित देश वा सो देशको राजदूतावासको सिफारिस पत्र

(६) संस्थाको विधान

(७) संस्थाको दुई प्रमुख पदाधिकारी तथा संचालकको नाम, थर, ठेगाना, फोन नं. र फोटो र ठेगाना प्रमाणित गर्ने कागजातहरु

(८) नेपालस्थित सो संस्थाका तर्फबाट नियुक्त भएको प्रतिनिधि वा प्रमुखको नाम, थर, फोटो सहित ठेगाना प्रमाणित हुने कागजात

(९) बीमा वा सोसँग सम्बन्धित अन्य कारोवार गर्ने सम्बन्धमा सञ्चालक समितिले गरेको निर्णय र अख्तियारी

(१०) संभव भए सम्म हिताधिकारीको विवरण

(११) अन्य आवश्यक कागजात (बीमक स्वयंले तोक्न सक्ने)

(ज) विदेशी व्यक्ति सँगको बीमा कारोवार भएमा

(१) पुरा नाम, थर, ठेगाना र सम्भव भए सम्मका हिताधिकारीको विवरण

(२) बाबु/आमाको नाम

(३) श्रीमान्/श्रीमतीको नाम

(४) म्याद ननाघेको भिसाको प्रमाणित छाँयाप्रति

(५) राहधानीको छाँयाप्रति

(६) कार्यरत संस्थाको सिफारिस पत्र (कर्मचारी भए)

(७) नेपालको पुरा ठेगाना वा सम्पर्क स्थान

(८) अन्य आवश्यक कागजातहरु (बीमक स्वयंले तोक्न सक्ने)

(फ) विदेशी कम्पनी सँगको बीमा कारोवार भएमा

(१) विदेशी कम्पनीको संस्थापना र दर्ता प्रमाणपत्रको छाँयाप्रति

(२) कम्पनीको प्रबन्धपत्र तथा नियमावली

(३) बीमा वा सोसँग सम्वन्धित अन्य कारोवार गर्ने सम्वन्धमा सञ्चालक समितिले गरेको निर्णय र यससँग सम्वन्धित अन्य आर्थिक कारोवार गर्न दिएको अख्तियारी

(४) रजिष्टर्ड ठेगाना/व्यापारिक ठेगाना प्रमाणित गर्ने कागजात

(५) वैदेशिक कम्पनीको प्रमुख दुई पदाधिकारीहरुको नाम, थर, ठेगाना, फोटो, फोन नं. सहित व्यक्तिगत विवरण र ठेगाना प्रमाणित हुने कागजात

(६) नेपालको पुरा ठेगाना, सम्पर्क स्थान वा सम्पर्क व्यक्ति

(७) अन्य आवश्यक कागजात (बीमक स्वयंले तोक्न सक्ने)

(ब) कुटनैतिक नियोग/राजदुतावाससंगको बीमा कारोवार भएमा

(९) नियोग/राजदुतावासको पत्र

(१०) सम्भव भए सम्मका हिताधिकारीको विवरण

(११) अन्य आवश्यक कागजात (बीमक स्वयंले तोक्न सक्ने)

(ट) गैर आवासीय नेपाली नागरिकसँगको बीमा कारोवार भएमा

(१) पुरा नाम, थर, ठेगाना र सम्भव भए सम्मका हिताधिकारीको विवरण

(२) बाबु/आमाको नाम

(३) श्रीमान्/श्रीमतीको नाम

(४) आयस्रोत खुल्ने कागजातहरु

(५) रोजगारदाता संस्थासंगको सम्झौतापत्र/नियुक्तिपत्र

(६) पासपोर्टको प्रमाणित छाँयाप्रति

(७) नेपालको पुरा ठेगाना वा सम्पर्क स्थान

(८) अन्य आवश्यक कागजातहरु (बीमक स्वयंले तोक्न सक्ने)

द्रष्टव्य : ग्राहक, वास्तविक स्वामी तथा हिताधिकारीको सही रुपमा पहिचान गर्न बीमकले आवश्यक ठानेमा ग्राहकसँग अन्तरवार्ता समेत लिन सक्नेछ ।

अनुसूची - २

दफा १७ को (१) संग सम्बन्धित

**बीमकले पेश गर्ने सिमा कारोवार विवरणको ढाँचा**

बीमकको नाम :

| क्र.सं. | ग्राहकको नाम तथा ठेगाना (व्यक्ति तथा संस्था समेत) | पेशा व्यवसाय | कारोवार स्थान (मुख्य वा शाखा कार्यालय) | बीमाशुल्क भुक्तानी मिति | बीमाको प्रकृति (जीवन वा निर्जवन) | बीमाको प्रकार | कारोवार रकम तथा उक्त रकमको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

विवरण पेश गर्नेको हस्ताक्षर

(कार्यान्वयन अधिकृत । आधिकारिक प्रतिनिधि)

नाम :

पद :

फोन :

इमेल :

फ्याक्स :

मिति :

द्रष्टव्य : बीमाको प्रकारमा अग्नी, सामुद्रिक, मोटर, हवाई, इन्जिनियरिंग, ठेकेदार सम्पूर्ण जोखिम लगाएतका अन्य बीमा मध्ये जुन वर्गमा पर्छ सोही उल्लेख गर्ने ।

अनुसूची - ३

दफा १९ को उपदफा (३) संग सम्बन्धित

**शङ्कास्पद गतिविधि सम्बन्धी जानकारीको ढाँचा**

बीमकको नाम :

| क्र.सं. | ग्राहकको नाम तथा ठेगाना (व्यक्ति तथा संस्था समेतको पहिचान खुल्ने कागजातको प्रतिलिपि) | पेशा व्यवसाय | कारोबार भएको स्थान (मुख्य वा शाखा कार्यालय) | बीमाशुल्क भुक्तानी मिति | बीमाको प्रकृति (जीवन वा निर्जिवन) | बीमाको प्रकार | कारोबार रकम तथा उक्त रकमको श्रोत | शङ्कास्पद हुनाको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

विवरण पेश गर्नेको हस्ताक्षर

(कार्यान्वयन अधिकृत । आधिकारिक प्रतिनिधि)

नाम :

पद :

फोन :

इमेल

फ्याक्स :

मिति :

द्रष्टव्य : बीमाको प्रकारमा अग्नी,सामुन्द्रिक,मोटर,हवाई, इन्जिनियरिंग,ठेकेदार सम्पूर्ण जोखिम लगाएतका अन्य बीमा मध्ये जुन बर्गमा पर्छ सोही उल्लेख गर्ने ।

अनुसूची - ४

दफा १९ को उपदफा (६) सँग सम्बन्धित

**शङ्कास्पद गतिविधि सम्बन्धी जनकारी अभिलेखको ढाँचा**

बीमकको नाम :

| क.सं. | ग्राहकको नाम तथा ठेगाना (व्यक्ति तथा सस्था समेतको पहिचान खुल्ने कागजातको प्रतिलिपि) | कारोवार भएको स्थान (मुख्य वा शाखा कार्यालय) | बीमाशुल्क भुक्तानी मिति | बीमाको प्रकृति (जीवन वा निर्जिवन) | बीमाको प्रकार | कारोवार रकम | शङ्कास्पद हुनाको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

विवरण पेश गर्नेको हस्ताक्षर

(कार्यान्वयन अधिकृत । आधिकारिक प्रतिनिधि)

नाम :

पद :

फोन :

इमेल

फ्याक्स :

मिति :